**सूचना प्रकाशत मिति: २०७७/०५/२०**

**धादिङ जिल्ला, त्रिपुरासुन्दरी गाउँपालिकामा पर्ने बुढीगण्डकी नदी, आँखु खोला, काष्टे खोला र मन्पाङ खोलाबाट वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य प्रयोजनका लागि तयार पारिएको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको सार्वजनिक सुनुवाईमा लिखित रायसुझाव दिने बारेको सूचना**

त्रिपुरासुन्दरी गाउँपालिकामा पर्ने बुढीगण्डकी नदी, आँखु खोला, काष्टे खोला र मन्पाङ खोलाबाट वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्ने प्रस्ताव कार्यान्वयन गर्न तयार पारिएको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन उपर हुन आयोजना गर्नु पर्ने सार्वजनिक सुनुवाई कार्यक्रम अहिलेको कोभिड महामारीले सिर्जना गरेको विशेष परिस्थितिका कारण आयोजना गर्न नसकिने अवस्था भएकोमा गाउँपालिकाको आधिकारिक वेवसाइट मार्फत सार्वजनिक गरिएको व्यहोरा अवगत गराउँदै यस प्रतिवेदनमा आफ्ना रायसुझाव उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम उक्त योजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको मस्यौदा प्रतिवेदनमा योजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, सरोकारवालाहरु व्यक्ति, समुदाय वा निकाय, संघसंस्थाका प्रतिनिधिहरुले उक्त आयोजनाको प्रस्ताव कार्यान्वयन गर्दा निर्माण र संचालन चरणमा स्थानीय भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक वातावरण र बासिन्दामा पार्न सक्ने प्रभाव तथा त्यसका लागि अपनाइने सकारात्मक प्रभाव अभिवृद्धि र नकरात्मक प्रभाव न्यूनीकरणका उपायहरुका बारेमा समेत मिति २०७७/०५/२६ भित्र रायसुझाव प्रदान गरिदिनुहुन अनुरोध गर्दछौं ।

**रायसुझाव पठाउने ठेगाना**

श्री त्रिपुरासुन्दरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यानटार-२, धादिङ, नेपाल

सम्पर्क फोन: ०१०-४२१००७

ईमेल: tripurasundaridhading@gmail.com